# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भाग २, संख्या १, मिति २०८२ वैशाख ३१ गते


## भाग-२

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौंदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बौदीकाली गाउँपालिकाको एकल पुरुष सामाजिक संरक्षण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१**

**प्रस्तावनाः**

बौदीकाली गाउँपालिकाभित्र रहेका एकल पुरुष नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गतेको निर्णय अनुसार बौदीकाली गाउँपालिकाले यो बौदीकाली गाउँपालिकाको एकल पुरुष सामाजिक संरक्षण सम्बन्धी कार्यविधि(पहिलो संशोधन), २०८१ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्याविधिको नाम "बौदीकाली गाउँपालिकाको एकल पुरुष सामाजिक संरक्षण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

क) "विदुर पुरुष" भन्नाले पत्निको मृत्यु पश्चात अर्को विवाह नगरेको जुन सुकै उमेर समुह भएका पुरुषलाई सम्झनु पर्दछ ।

ख) "एकल पुरुष"भन्नाले विवाह नगरी बसेको ६० बर्ष उमेर पूरा भएका र पत्निसंग सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० बर्ष उमेर पूरा भएका पुरुषलाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले बौदीकाली गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सम्पुर्ण वडा कार्यालयलाई सम्झनु पर्दछ।

च) "संरक्षण" भन्नाले दफा ५ बमोजिमको कार्यक्रम सम्झनु पर्दछ ।

छ) "परिचयपत्र" भन्नाले यस कार्यविधिको अनुसुची-२ बमोजिम जारी गरिएको सामाजिक सुरक्षा परिचयपत्र सम्झनु पर्दछ ।

**३. एकल पुरुष संरक्षण पाउनेः**

१) देहाय बमोजिकको संरक्षण प्राप्त गर्न योग्य र इच्छुक नेपाली नागरिकले सामाजिक संरक्षण लाभग्राहिको रुपमा सुचिकृत हुनको लागी आफ्नो वडा कार्यालयमा गई तोकिएको ढाँचामा देहायका प्रमाण कागजात सहित निवेदन दिन र एकल पुरुष संरक्षण पाउन योग्य हुनेछः

क) नेपाली नागरिक,

ख) बौदीकाली गाउँपालिका भित्र स्थायी बसोबास गरेको,

ग) ६० बर्ष उमेर पुगेको अविवाहित पुरुष,

घ) पत्नीसँग सम्बन्ध विच्छेद भई विवाह नगरेको ६० बर्ष उमेर पुगेको पुरुष,

ङ) पत्नीको मृत्यु भई अर्को विवाह नगरेको ४० वर्ष उमेर पुगेको समुहका विदुर पुरुष,

**४. एकल पुरुष संरक्षण नपाउनेः**

१)यस कार्याविधिको दफा ३ बमोजिम योग्यता पुगेको भएतापनि देहाय बमोजिमको नागरिकले एकल पुरुष संरक्षण पाउने छैनः

क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भएको व्यक्ति

ख) सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति

ग) प्रचलित कानुन बमोजिम अन्य कुनै सामाजिक सुरक्षा भत्ता पाइरहेको व्यक्ति

**५. पुरुष संरक्षण र वितरण :**

१) एकल पुरुष संरक्षण समबन्धमा जिविकोपार्जन वा आयमूलक कार्यक्रमहरु सञ्चालन हुनेछन्।

२) बार्षिक रुपमा एकल पुरुषको माग निवेदन अनुसुची ७ बमोजिमको ढाँचामा र वडा कार्यालयको सिफारिस सहित वडाको सक्रियतामा कार्यक्रम सञ्चालन गराईनेछ ।

३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि काम गर्न नसक्ने र बिरामीका लागी वडा सिफारिसका आधारमा दैनिक उपभोग्य सामाग्री उपलब्ध गराइनेछ।

४) संरक्षण कार्यक्रम वा सामाग्री उपलब्ध गराउँदा मासिक १००० रुपैया बराबरको हुनेगरी किस्ता किस्तामा वा एकमुष्ठ उपलब्ध गराइनेछ।

**६. निवेदन पेश गर्नुपर्ने:**

१) यस कार्यविधिको दफा ३ बमोजिमको सामाजिक सुरक्षा संरक्षण पाउन योग्य नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसुची १ बमोजिमको ढाँचामा निवेदन वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिमको निवेदनमा निवेदकले देहायको कागजात प्रमाणित गरी संलग्न गर्नुपर्नेछः

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख) पत्नीसंग सम्बन्ध विच्छेद गरेको हकमा अदालतबाट प्रमाणित सम्बन्ध विच्छेदको कागजात,

ग) पत्नीको मृत्यु भएको हकमा पत्नीको मृत्युदर्ताको प्रतिलिपि,

घ) अविवाहितको हकमा वडाको सिफारिस,

३) उपदफा १ बमोजिमको निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारवाही गरि निर्णय गर्नुपर्नेछ ।

४) उपदफा ३ बमोजिम कारवाही गर्दा एकल पुरुष संरक्षण नपाउने देखिएमा वडा कार्यालयले निवेदकलाई कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनुपर्नेछ ।

५) उपदफा ३ बमोजिम कारवाही गर्दा एकल पुरुष संरक्षण पाउने देखिएमा वडा कार्यालय बाट सिफारिस गरी गाउँपालिकाको सामाजिक सुरक्षा शाखामा पेश गर्नुपर्नेछ ।

**७. एकल पुरुष परिचयपत्रः**

१) यस कार्यविधि बमोजिम एकल पुरुष संरक्षण पाउने नागरिकलाई गाउपालिकाले अनुसुची-२ बमोजिमको ढाँचामा एकल पुरुष परिचयपत्र दिनुपर्नेछ ।

२) उपदफा १ बमोजिम परिचयपत्र नलिएका व्यक्तिले एकल पुरुष संरक्षण पाउने छैनन् ।

३) उपदफा १ बमोजिमको परिचयपत्र हराएमा, च्यात्तियमा वा प्रयोग गर्न नमिल्ने भएमा रु ३०० जरिवाना गरी अनुसुची-३ बमोजिमको ढाँचामा निवेदन पेश गरी प्रतिलिपि लिन सकिनेछ ।

## ८. सुविधा पाउने उमेर गणनाः

१) यस कार्यविधि बमोजिम सुविधा पाउन योग्य लाभग्राहीको उमेरको गणना गर्दा नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिनेछ ।

२) नागरिकता प्रमाणपत्रमा उल्लेखित जन्मिएको साल र उमेर नखुलेको भए जारी मितिलाई आधार मानिनेछ । साल र महिना खुलेको तर गते नखुलेको हकमा सोहि महिनाको मसान्तलाई आधार मानिनेछ ।

३) उल्लेखित लाभग्राही सामाजिक सुरक्षा (अन्य जेष्ठ नागरिक भत्ता, जेष्ठ नागरिक भत्ता (दलित) ,जेष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भत्ता ,अति अशक्त अपाङ्गता भत्ता , लोपोन्मुख आदिवासी/जनजाति ,दलित बालबालिका ) को लागी योग्य भएमा सामाजिक सुरक्षा पाउनु पूर्वको महिना गणना गरी सो बराबरको सुविधा उपलब्ध गराइनेछ।

## ९. अभिलेख राख्नुपर्नेः

१)कार्यालयले यस कार्यविधि बमोजिम एकल पुरुष संरक्षण पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष संरक्षणको विवरण अनुसुची-४ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

२) दफा ६ बमोजिम परेका निवेदनको अभिलेख अनुसुची-५ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

## १०. अभिलेखवाट नाम हटाउनेः

१) कार्यालयले देहायको अवस्थामा एकल पुरुष संरक्षण पाउने व्यक्तिको नाम अभिलेखबाट हटाउन सक्नेछः

क) एकल पुरुषले विवाह गरेमा

ख) बसाई सरी अन्यत्र गएमा

ग) प्रचलित कानुन बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता पाउने भएमा

घ) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भएमा

ङ) निज व्यक्तिले एकल पुरुष संरक्षण नलिने भनी कार्यालयमा निवेदन पेश गरेमा

च) निजको मृत्यु भएमा ।

## ११. नविकरणः

१)यस कार्यविधि बमोजिम एकल पुरुष संरक्षण प्राप्त गर्ने नागरिकले प्रत्यक आ.ब. को असोज मसान्त भित्र आफ्नो वडा कार्यलयमा स्वयम उपस्थित भई अनुसुची-६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) उपदफा १ बमोजिमको निवेदन साथ देहायको कागजात पेश गर्नुपर्नेछः

क) एकल पुरुष परिचयपत्रको प्रतिलिपि,

ख) पत्निको मृत्यु वा सम्बन्ध विच्छेद भएको हकमा अर्को विवाह नगरेको वडा सिफारिस,

ग) अविवाहितको हकमा हाल सम्म अविवाहित रहेको वडा सिफारिस ।

**१२. कसुर र सजायः**

१) कसैले झुटा विवरण पेश गरी यस कार्यविधि बमोजिम एकल पुरुष संरक्षण लिएमा कसुर गरेको मानिनेछ ।

२) कसैले उपदफा १ बमोजिमको कसुर गरेको पाईएमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको सुविधा असुल गरि निजलाई जरिवाना हुनेछ ।

**१३. अनुगमन सम्बन्धि व्यवस्थाः**

१) एकल पुरुष संरक्षण पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा संरक्षण वितरणको अनुगमन गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गाउँकार्यपालिकाले तोकेको २ जना सदस्य गाउँपालिकाको कुनै सदस्य वा सामाजिक सुरक्षा शाखा हेर्ने कर्मचारीले गर्नेछ ।

**१४. प्रतिवेदन पेश गर्नुपर्नेः**

१) एकल पुरुष संरक्षण प्रदान गरेको विवरण वडा कार्यालयमा मुल अभिलेख बनाई राखी अनूसुची फारम सहित गाउँकार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१५. संशोधनः**

१) बौदीकाली गाउँकार्यपालिकाको बैठकको निर्णयले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउः**

१) यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

## अनुसूची -१
### दफा ६ को उपदफा १ सँग सम्बन्धित
### (नाम दर्ताका लागि दिने दरखास्तको ढाँचा)

(निवेदकले भर्ने)

लाभग्राहीको हालसालै खिचेको फोटो

श्री वडा अध्यक्षज्यू,
वडा नं. ............., बौदीकाली गाउँपालिका
नवलपरासी (ब.सु.पू.) जिल्ला, गण्डकी प्रदेश

महोदय,

निम्न लिखित विवरण खुलाई एकल पुरुष सामाजिक संरक्षण कार्यविधि (पहिलो संशोधन), २०८१ को दफा ३ बमोजीम निवेदन दिन आएको छु । नियम अनुसार दर्ता गरी सामाजिक संरक्षण पाँऊ भनि देहायको विवरण सहित निवेदन पेस गर्दछु ।

**१. व्यक्तिगत विवरण**

पहिलो नाम........................... बीचको नाम ........................... थर.....................................
First Name........................... Middle Name ..................Surname......................................
जन्म मिति: वि.सं. मा(साल-महिना-गते)...............निवेदनमितिवि.सं.मा(साल-महिना-गते)...................
सम्पर्क नं........................नागरीकता नं........................जारीजिल्ला ...........जारी मिति................

**२. पत्निको विवरण**

पहिलो नाम...........................बीचको नाम ........................... थर .............................
First Name........................... Middle Name........................... Surname.......................
मृत्यु दर्ता नं. ...........................दर्ता मिति :...................... मृत्यु मितिः...................

**३. बाजेको विवरण**

पहिलो नाम...........................बीचको नाम ........................... थर ...........................
First Name........................... Middle Name........................... Surname......................

**४. बाबु आमाको विवरण**

बाबुको नामःपहिलो नाम....................... बीचको नाम.................. थर.........................
Father's Name: FirstName..................... Middle Name ...................Surname.....................
आमाको नामः पहिलो नाम...........................बीचको नाम .....................थर............................
Mother's Name: First Name ...................Middle Name ..................Surname..................

मैलेनेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त सङ्घसंस्थाबाट मासिक रूपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाएको छैन।व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून वमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|

................................................................
हस्ताक्षर

**संलग्न गर्नुपर्ने कागजात**
२ प्रति पासपोर्ट साइजको फोटो,
(ख) नेपाली नागरिकताकोप्रमाणपत्रको प्रतिलिपि,
(घ) एकल पुरुषको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपिवा अविवाहितको प्रमाण,
(ङ) विदुरको हकमा पतिको मृत्यु दर्ता प्रमाण

**कार्यलय प्रयोजनकोलागि**
निवेदकको व्यहोरा ठीक छ भनी प्रमाणित गर्ने
वडा अध्यक्षको दस्तखत: .....................
नाम: ...............................................
नाम दर्ता निर्णय मिति:........................
परिचय पत्र नं. ..................................
भत्ता पाउने सुरु मिति: आ.व. २०../.. को

## अनुसुची-२

### (दफा ७ को उपदफा १ संग सम्बन्धित)

स्थानीय सरकार
बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश,नेपाल

**एकल पुरुष परिचय-पत्र**

परिचयपत्र नं.................

नाम थर :........................

जिल्ला: नवलपरासी (ब.सु.पू.) गाउँपालिका: बौदीकाली वडा नं.....

जन्म मिति :........................

सम्पर्क नं.: .........................

नागरीकता नम्बर :

प्रमाणित गर्ने

हस्ताक्षर:................

नाम :

पद : वडा सचिव

| आर्थीक बर्ष | परिचयपत्र जारी मिति | वितरणको विवरण | | | |
|---|---|---|---|---|---|
| | | त्रैमासिक | रकम | बुझाउनेको दस्तखत | भुझिलिनेको दस्तखत |
| | | प्रथम | | | |
| | | दोस्रो | | | |
| | | तेस्रो | | | |
| | | चौथो | | | |
| | | | | | |

कसैले यो परिचयपत्र फेला पारेमा नजिकको वडा कार्यालय वा प्रहरी कार्यालयमा बुझाई दिनु होला।

## अनुसुची-३

**(दफा ७ को उपदफा ३ संग संबन्धित)**

**परिचय पत्रको प्रतिलिपि पाउँ भन्ने बारेको निवेदनको ढाँचा**

मितिः...........................

श्री वडा अध्यक्षज्यू,
वडा नं. ............., बौदीकाली गाउँपालिका
नवलपरासी (ब.सु.पू.) जिल्ला, गण्डकी प्रदेश

**विषयः परिचयपत्रको प्रतिलिपि पाउँ भन्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचयपत्र नं. ...................... हराएको/ प्रयोग गर्न नमिल्ने भएकोले बौदीकाली गाउपालिका एकल पुरुष संरक्षण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ को दफा ७ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर रसिद निवेदन साथै संलग्न गरी एकल पुरुष परिचयपत्र प्रतिलिपि पाउँ भनि यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातः

१. नागरीकताको प्रतिलिपि ( )
२. एकल पुरुष संरक्षण परिचयपत्रको प्रतिलिपि ( )

(संलग्न भएका कागजात दायाँ कोठामा (√) लगाउनुहोस)

निवेदक

नाम थरः..........................

ठेगानाः............................

संपर्क नं.ः..........................

दस्तखतः..........................

## अनुसुची-४

(दफा ९ को उपदफा १ संग सम्बन्धित)

### एकल पुरुष सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राहीहरुको मुल अभिलेखको ढाँचा

गाउँपालिकाः बौदीकाली        वडा नं. ...............आर्थिक बर्षः ......................

| सि.नं. | परिचयपत्र नं. | नाम/थर | जन्म मिति (बि.स.) | उमेर | वडा नं. | नागरिकता नं. | संरक्षण सुविधा विवरण | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## अनुसुची-५

(दफा ९ को उपदफा २ संग सम्बन्धित)

### एकल पुरुष सामाजिक संरक्षण सम्बन्धि निवेदनको अभिलेखको ढाँचा

गाउँपालिकाः बौदीकाली वडा नं. ...........आर्थिक बर्षः ...................... किस्ता :...................................

| सि.नं. | निवेदन नं. | निवेदकको नाम/थर | निवेदन मिति | जन्म मिति (बि.स.) | उमेर | वडा नं. | नागरिकता नं. | जारी मिति/जारि जिल्ला | निवेदन उपर भएको कारवाही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

## अनुसुची-६

## (दफा ११ को उपदफा १ संग सम्बन्धित)

## नविकरणको निवेदनको ढाँचा

मितिः...........................

श्री वडा अध्यक्षज्यू,
वडा नं. ............., बौदीकाली गाउँपालिका
नवलपरासी (ब.सु.पू.) जिल्ला, गण्डकी प्रदेश

विषयः परिचयपत्र नविकरण गरिपाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचयपत्र नं. .......................ले एकल पुरुष सामाजिक संरक्षण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ बमोजिम एकल पुरुष संरक्षण प्राप्त गरिरहेको र आ.ब.................. को लागि बौदीकाली गाउपालिका एकल पुरुष संरक्षण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ को दफा११ को उपदफा २ बमोजिमको कागजात संलग्न राखी एकल पुरुष संरक्षण लाभग्राहीमा मेरो नाम नविकरण गराईपाउँ भनि यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातः

१. एकल पुरुष परिचयपत्रको प्रतिलिपि ( )
२. नागरीकताको प्रतिलिपि ( )
३. अर्को विवाह नगरेको वडा सिफारिस ( )
४. अविवाहितको हकमा अविवाहित रहेको वडा सिफारिस ( )

(संलग्न भएका कागजात दायाँ कोठामा (√) लगाउनुहोस)

निवेदक

नाम थरः...........................

ठेगानाः............................

सम्पर्क नं.:........................

दस्तखतः...........................

## अनुसुची-७

| |
|---|
| हालसालै खिचिएको पासपोर्ट साइजको फोटो |

**(दफा ५ को उपदफा २ संग सम्बन्धित)**

**निवेदनको ढाँचा**

मितिः...................

श्री वडा अध्यक्ष ज्यू,
..........नं. वडा कार्यालय,
बौदीकाली गाउँकार्यपालिकाको कार्यालय
डेढगाउँ,नवलपरासी(ब.सु.पू.)।

**बिषयः...................................... माग सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा बौदीकाली गाउँपालिकाको एकल पुरुष सामाजिक संरक्षण सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ तथा गाउँ कार्यपालिकाको मिति २०८१/१२/२७ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार म...................................... लाई तपशिल अनुसारको व्यवसाय/सामाग्री आत्मनिर्भर बन्न आवश्यक रहेकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम उपलब्ध गराइदिनुहुन अनुरोध छ।

तपशिल

- हाल गरेको व्यवसायः.......................
- गर्न चाहेको व्यवसाय वा क्षेत्रः.......................
- माग गरेको/गर्ने सामाग्री/उपकरणः

१)...........................
२)...........................
३)...........................

औठा छापः

| दायाँ | वायाँ |
|---|---|
| | |

......................................
हस्ताक्षर

आवश्यक कागजातहरुः

- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
- २ प्रति पासपोर्ट साइजको फोटो।
- पत्निको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी।
- सम्बन्धित वडाले प्रमाणित गरेको सिफारिस।

**प्रमाणीकरण मिति : २०८१/१२/२७**

आज्ञाले,
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका